Research Management Cell
Adarsha Multiple Campus




AMC Journal
Link : https://doi.org/10.3126/amcj.v2i1.35795

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# पठन सिप विकासमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सान्दर्भिकता

रमेश भट्टराई*


## सार

*प्रस्तुत अध्ययन राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको योजना र विकासमा आधारित छ । उक्त कार्यक्रमको सान्दर्भिकतालाई शैक्षिक गुणस्तर अभिवृद्धिका हिसाबले मूल्याङ्कन गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ । यस कार्यक्रमसँग सम्बन्धित आधार सामग्री, तालिम स्रोत सामग्री, मार्गदर्शनलगायत अन्य मातृभाषा विषयक द्वितीयक स्रोत सामग्रीलाई आधार मानेर गुणात्मक अध्ययन विश्लेषण गरिएको छ । विद्यार्थीको सिकाइमा केन्द्रित भई शिक्षाको गुणस्तर सुधार गर्ने मूल उद्देश्य अनुरूप नेपाल सरकार, शिक्षा मन्त्रालयले पञ्चवर्षीय कार्यक्रमको रूपमा आ.व. २०७१/०७२ देखि आधारभूत तह (कक्षा १-३) मा यस कार्यक्रमको थालनी गरेको हो । यसले 'बुझेर पढ्ने र पढेर बुझ्ने' मान्यताका आधारमा प्रारम्भिक तहमा पढाइ सिप राम्रो भएमा समग्र शिक्षाको जग बलियो हुन्छ भन्ने अवधारणालाई अघि सारेको छ । पठन संस्कृतिलाई व्यवस्थित विकास गर्ने गरी ६ ओटा तत्त्वलाई निर्दिष्ट गरेको यस कार्यक्रममा मातृभाषा शिक्षालाई विशेष जोड दिइएको छ । यिनै विषयवस्तुको महत्तालाई केन्द्रमा राखेर यस अध्ययनमा प्रारम्भिक तहमा पढाइ सिप विकासको आवश्यकता, मातृभाषा शिक्षा, नीति तथा यस कार्यक्रमको व्यावहारिकता लगायतका सन्दर्भलाई विश्लेषण गरिएको छ ।*


**मुख्य शब्दावली** : पठनबोध, बालमनोविज्ञान, भाषिक न्याय, मातृभाषा, श्रुतिभाषिक पद्धति, साक्षरता ।

## १. विषय परिचय

औपचारिक रूपमा सिकाइको सुरुवात पढाइबाट हुन्छ । भाषा सिकाइका चार सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये सुनाइ र बोलाइलाई प्राकृतिक तवरबाट सिकिएको हुन्छ । प्रारम्भिक

* रमेश भट्टराई आदर्श बहुमुखी क्याम्पस गजुरीमा नेपाली शिक्षा विभागका प्रमुख हुनुहुन्छ । उहाँ ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत विद्यावारिधि शोधार्थी हुनुहुन्छ । इमेल : **bhattarairamesh353@gmail.com**

तहको जगमा पढाइ सिपलाई राम्रोसँग विकास गर्ने हो भने माथिल्लो कक्षाको सिकाइमा सहज हुन्छ । शैक्षिक गुणस्तर सुधार गर्नका लागि पढाइ सिपको विकास गर्नुपर्छ भन्ने अवधारणाका रूपमा नेपाल सरकारले वि.सं. २०७० सालमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको दस्तावेजमा 'यस कार्यक्रमको थालनी जुलाई २०१४ देखि गर्ने योजना छ' भनी उल्लेख गरेको छ । यसै अनुरूप पञ्चवर्षीय कार्यक्रमको रूपमा आ.व. २०७१/०७२ (सन् २०१४/०१५) देखि अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (युएसएआइडी) को प्राविधिक तथा आर्थिक सहयोग लिई यो कार्यक्रम सञ्चालनमा आएको हो । यस कार्यक्रमले कक्षा १, २ र ३ का बालबालिका वा सो सरहका सामान्यतः ६ देखि ९ वर्ष उमेर समूहलाई पढाइ सिप विकासमा जोड दिन्छ । अक्षर ज्ञान, ध्वनि पहिचान, पठन प्रवाह, शब्द भण्डार, पठनबोध र लेखाइ सिप गरी ६ ओटा तत्त्वलाई व्यवस्थित ढङ्गले उपयोग गरेर पढाइ सिपको विकास गर्न सकिने मान्यतालाई यसले अघि सारेको छ । पढेका कुरालाई राम्ररी बुझ्नका लागि भाषाका कारणले अप्ठ्यारो हुनु हुँदैन भन्ने मान्यता राखेर मातृभाषामा साक्षरता सिपको विकास गराउनुपर्ने संवैधानिक प्रावधानलाई यसले आत्मसात् गरेको छ ।

आधारभूत तहको शैक्षिक गुणस्तर सन्तोषजनक हुन नसक्नुका विविध कारणहरूमध्ये प्रारम्भिक कक्षाका विद्यार्थीहरूको पढाइ सिप तथा पढ्ने बानीको अपेक्षित विकास नहुनु पनि हो भन्ने निष्कर्षलाई स्वीकार गरिएको पाइन्छ । नेपालका आधारभूत तहका बालबालिकाको पढाइ स्तर कमजोर भएको राष्ट्रिय, अन्तर्राष्ट्रिय अनुसन्धानलाई ध्यानमा राखेर राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई लागू गरिएको हो । यो कार्यक्रमको कार्यान्वयनले बालबालिकाको पढाइ क्षमता अन्तर्राष्ट्रिय स्तरको हुने अपेक्षा गरिएको छ (भुसाल, सन् २०२० : २२) । मानिसले दौडनुपूर्व हिँड्न सक्ने हुनु आवश्यक भए जसरी पढाइ सिपको विकास नगरी शिक्षाको गुणस्तरलाई विकास गर्न सकिँदैन । लिखित सामग्रीलाई अर्थबोध हुने गरी पढ्ने कार्यले सिकाइको पूर्वाधार विकास गर्दछ । आँखाका माध्यमबाट देखिएका चिन्हलाई दिमागसम्म पुऱ्याएर पढ्ने तथा बाह्य सञ्चार गर्ने धारणालाई विकसित तुल्याउन पढाइ सिप अनिवार्य सर्त हो । भाषिक सिपको विकासका लागि आधारभूत कक्षामा 'पढ्नका लागि सिकाइ' र त्यसपछि 'सिक्नका लागि पढाइ' भन्ने अवधारणालाई अपनाउनुपर्छ (रा.प्रा.क.प.का. तालिम स्रोत सामग्री, २०७५ : १) । पठन सिप विकासको कार्यलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि यस कार्यक्रमले समाजसँग पनि सम्बन्ध राख्ने नीति लिएको छ ।

सन् १९८१ को ग्रामीण विकासका लागि सेती परियोजना हुँदै विद्यालय क्षेत्र सुधार योजनासम्ममा पनि सामुदायिक विद्यालयले अपेक्षित उपलब्धि हासिल गर्न सकेनन् (रा.प्रा.क.प.कार्यक्रमका लागि सामाजिक तथा सामुदायिक परिचालन रणनीति, सन् २०१७ : १) । पढाइ सिप विकासबाट पठनबोधको विकास हुन्छ । त्यसपछि सिकाइमा सुधार हुँदै जान्छ र यसबाट क्रमशः लेखाइ सिपमा टेवा पुग्छ । वस्तुतः समग्र शैक्षिक गुणस्तरलाई आधारभूत तहको पढाइ सिपले प्रत्यक्ष प्रभाव पार्छ । विद्यार्थी तल्लै तहबाट सक्षम हुन आवश्यक छ । यसो भएमा कमजोर भएको महसुस गरेर विद्यार्थीहरूले विद्यालय छाड्ने दर घट्न सक्ने तथा सिकाइमा रुचिको विकास हुन सक्ने विषयलाई अन्तर्राष्ट्रिय जगत्ले पनि अपनाउँदै आएको छ । यसै धारमा रहेर विद्यार्थीको पढाइको जगलाई विकसित तुल्याउँदै गहन पढाइ, पढेका कुरा राम्ररी बुझ्ने, बुझेका कुरालाई मौखिक र लिखित

अभिव्यक्तिमार्फत अरू समक्ष पुऱ्याउने गरी पढाइ सिपको विकास गर्ने अपेक्षाका साथ नेपालमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अवधारणालाई स्वीकार गरिएको छ। यसका साथमा वि.सं. २०७३/०७४-२०७९/०८० अन्तर्गतको विद्यालय क्षेत्र विकास योजना (२०७३) ले यस कार्यक्रमको उपयोगमा विशेष जोड दिँदै आएको छ। अतः यहाँ गुणात्मक अध्ययन विधिलाई उपयोग गरेर हाम्रो जस्तो विकासोन्मुख मुलुकका लागि प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको कार्यान्वयन, अपेक्षा तथा यसको सान्दर्भिकताका बारेमा विश्लेषण गरिएको छ।

## २. अध्ययनको उद्देश्य

कथ्य र मौखिक अभ्यासबाट सिकाइलाई विकसित तुल्याउन पढाइको आवश्यकता अपरिहार्य हुन्छ। बोध र अभिव्यक्ति क्षमताको विकास गर्न पठन सिप पहिलो खुट्किलो बन्छ। यसै विषयमा केन्द्रित रहेर पढाइ सिपको महत्तालाई केलाउँदै प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सान्दर्भिकतालाई शैक्षिक गुणस्तर अभिवृद्धिका हिसाबले मूल्याङ्कन गर्नु नै यस अध्ययनको मूल उद्देश्य रहेको छ।

## ३. पूर्वकार्यको अध्ययन

*राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम : एक परिचय* (२०७२) नामक पुस्तकमा विद्यार्थीमा पढ्ने र बोध गर्ने क्षमता कमजोर हुनुको मूल कारण प्रारम्भिक कक्षाको पढाइ सिप कमजोर भएको कुरालाई औँल्याइएको छ। यसमा पढाइ, लेखाइ र बोधजस्ता सिकाइ सक्षमताको विकासका लागि प्रारम्भिक तहमै पढाइ सिपको सुधार गर्नु आवश्यक रहने कुरालाई उल्लेख गरिएको छ। सन् २०१५ पछि शैक्षिक कार्यक्रमलाई प्राथमिकता दिइँदा विश्वव्यापी रूपमा पढाइ क्षमता सुधारलाई स्वीकार गरिएको छ। यसमा विद्यार्थीको संज्ञानात्मक क्षमता एवम् शब्दभण्डारको वृद्धि गर्दै स्वाध्ययनको बानी निर्माण र बौद्धिक क्षमताको विकास गर्न पनि पढाइ सिपलाई अनिवार्य मानिएको छ।

*प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सम्बन्धी सामाजिक तथा सामुदायिक परिचालन तालिम निर्देशिका* (सन् २०१६) मा तालिम कार्यक्रमलाई लक्ष्य, उद्देश्य, उपलब्धि र मूल सिद्धान्त; पूरक क्रियाकलापसहित प्रारम्भिक कक्षा तालिम र शृङ्खलाबद्ध पावर प्वाइन्ट प्रस्तुति गरी तीन खण्डमा विभाजन गरिएको छ। अध्यापन गर्ने शिक्षकलाई तालिम दिनका लागि तयार पारिएको यस निर्देशिकामा शिक्षक, समुदाय, सिकारु तथा अभिभावकलाई सक्रिय तुल्याउने गरी आर्थिक तथा शैक्षिक व्यवस्थापनमा सहभागी व्यक्ति तथा निकायलाई समेट्ने कार्यनीति बनाइएको छ। यसमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, टोल पढाइ समूहहरू, गाउँ शिक्षा समिति र स्रोत केन्द्रहरूको भूमिकालाई लक्ष्यका रूपमा समेटिएको छ।

*राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम तालिम स्रोत सामग्री* (२०७५) मा प्रारम्भिक कक्षा पढाइको अवधारणा तथा सिद्धान्त, पढाइका लागि पाठ्यक्रम, शैक्षणिक विधिहरू, शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, पढाइका तत्त्व, अन्य विषयसँग पठन सिपको अन्तरसम्बन्ध,

कक्षाकोठा व्यवस्थापन, मूल्याङ्कन तथा उपचारात्मक शिक्षण र बालबालिकासँग सिकाइ सुधारका लागि अभिभावक तथा समुदायसँगको सहकार्य गरी दशओटा एकाइमा विभाजन गरिएको छ । यस सामग्रीमा प्रारम्भिक कक्षामा पढाइलाई संज्ञानात्मक प्रक्रिया तथा लेख्य चिन्हहरूलाई संयोजन वा एकीकरण गर्न सकिने अवधारणालाई पेस गरिएको छ । विद्यार्थीमा संज्ञानात्मक क्षमता विकास एवम् शब्दभण्डारको वृद्धि गर्दै स्वाध्ययनको बानी निर्माण र बौद्धिक क्षमताको विकास गर्न पनि पठन सिप आवश्यक हुने कुरालाई यस तालिम स्रोत सामग्रीले प्रस्तुत गरेको छ । शुद्ध पढ्न, पढेको कुरालाई स्पष्ट रूपमा व्यक्त गर्न तथा तल्लो तहबाट पढाइमा दक्ष बनाउँदै लैजाँदा सम्बन्धित भाषा शिक्षणका लागि मात्र नभई सबै विषयलाई ध्यान दिएर पढ्ने र बुझ्ने कार्यमा सहज हुन्छ । यही मान्यतामा रहेर प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि ६ जिल्लामा परीक्षण गर्ने, १६ जिल्लामा लागू गर्ने, २४ जिल्लामा विस्तार गर्ने र त्यसपछि बाँकी जिल्लामा लागू गर्ने प्रावधान रहेको कुरालाई यसमा उल्लेख गरिएको छ । यस पुस्तिकाले शिक्षण पेसागत सहयोग सम्बन्धी कार्यविधि, २०७४ को व्यवस्थामा प्रस्तुत गरिएको व्यहोरा अनुरूप शैक्षिक सत्र २०७५ देखि विद्यालय तहको अनुगमन, निरीक्षण र सहजीकरणलाई सुदृढ र प्रभावकारी बनाउने तथा शिक्षकलाई थप सबल र जिम्मेवार बनाउने अपेक्षासमेत राखेर योजनाबद्ध शिक्षणको तर्जुमा गरेको छ ।

केशव भुसालद्वारा *एएमसी जर्नल* (सन् २०२०) मा 'राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमप्रति शिक्षकहरूको प्रतिक्रिया' शीर्षकको लेखमा शिक्षकहरूलाई मातृभाषाको पठनपाठन, पढाइका ६ ओटा तत्त्वअनुसार शिक्षण गर्न पाठ्यक्रमले गरेको व्यवस्था, पाठ्यघण्टी र समय विभाजन, यो कार्यक्रमको ढाँचाबमोजिम अध्यापन गराउँदा देखा परेका चुनौती र समाधानका उपायहरू लगायतका विषयमा सोधिएका प्रश्नहरूको विश्लेषण गरिएको छ । खुला प्रश्नावलीको उपयोग गरी गुणात्मक अध्ययन विश्लेषण गरिएको यो लेखमा पञ्चवर्षीय कार्यक्रमको रूपमा रहेको रा.प्रा.क.प. कार्यक्रमलाई कार्यान्वयन गर्न विद्यमान पाठ्यक्रममा रहेको साप्ताहिक ८ पाठ्यभार र ४५ मिनेटको पिरियड अपुग रहेको निष्कर्षलाई पेस गरिएको छ । यसका लागि साप्ताहिक १२ पाठ्यभार र ९० मिनेटको समय रहनुपर्ने धारणालाई निचोडका रूपमा राखिएको छ ।

*नेपाली दोस्रो भाषी विद्यार्थीलाई सहयोगका लागि शिक्षण स्रोत सामग्री* (२०७७) मा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (मस्यौदा) को प्रयोजनार्थ नेपालको बहुभाषिक परिवेशलाई ध्यानमा राखेर नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्ने आधार प्रदान गरिएको छ । पाठ्यपुस्तकको सहयोगी सामग्रीका रूपमा तयार पारिएको यो मस्यौदा सामग्रीले बालबालिकाको भाषिक पृष्ठभूमिलाई ख्याल गरेर मातृभाषाप्रति सकारात्मक भाव जागरण गराउने उद्देश्य राखेको छ । मातृभाषा र कथ्य प्रयोगको माध्यमबाट भाषिक रूपान्तरण र स्थानान्तरण गर्ने विधिको उपयोग तथा मातृभाषा शिक्षणलाई प्रभावकारी तुल्याउने तौरतरिकालाई समावेश गरिएको यो सामग्रीले भाषिक न्यायको स्थापनामा सकारात्मक अभ्यास गर्ने कुरालाई जोड दिएको छ ।

## ४. सैद्धान्तिक अवधारणा

यस अध्ययनमा पठन सिप विकासका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सैद्धान्तिक आधारलाई मूल विषय बनाइएको छ । छओटा तत्त्वका आधारमा पढाइको प्रभावकारितालाई मूल्याङ्कन गरिने यो कार्यक्रमको सन्दर्भलाई अध्ययनीय विषयका रूपमा उपयोग गरिएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले कक्षा १-३ मा पठन सिप विकास गर्नुपर्ने अन्तर्राष्ट्रिय आधारलाई आवश्यक ठानेर सामान्य सिद्धान्त र पढाइ सम्बन्धी सिद्धान्त गरी दुई प्रकृतिका आधारभूत सिद्धान्तलाई तय गरेको छ । 'रा.प्रा.क.प.का. दस्तावेज (२०७०)' तथा 'प्रारम्भिक कक्षामा पठन सिप विकास, शिक्षक स्रोत सामग्री (२०७३)' मा सामान्य सिद्धान्तलाई तय गरिएको छ ।

*रा.प्रा.क.प.का. सामान्य सिद्धान्तहरू*

**(क) समतामूलक गुणस्तरीय शिक्षा**

सबै बालबालिकामा सिक्न सक्ने क्षमता हुने भएकाले सबैका लागि सिकाइको उपयुक्त वातावरण दिलाइनु पर्दछ । सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौगोलिक हिसाबमा सीमान्तीकृत तथा सुविधाविहीन समुदायका बालबालिकाको शैक्षिक पहुँच र गुणस्तरको उपलब्धतामा यसले जोड दिन्छ ।

**(ख) विद्यार्थी सिकाइका लागि बढी समय**

विशेष गरेर प्राथमिक तहमा नेपाली विषयको पाठ्यभार ८ घण्टी छुट्याइएको भए पनि त्यो आफैँमा अपर्याप्त रहेको अनुसन्धानहरूले प्रस्ट्याएका कुरालाई उक्त सामग्रीमा उल्लेख गरिएको छ ।

**(ग) विद्यार्थीको सक्रिय सिकाइ**

विद्यार्थीलाई नै सिकाइमा क्रियाशील बनाउनका लागि विषयवस्तु केन्द्रित नभई सिकाइलाई सिप केन्द्रित बनाउने पढाइको अर्को सिद्धान्त हो । यसमा विद्यार्थीलाई सिकाइको केन्द्रमा राखिएको हुन्छ ।

**(घ) विद्यार्थीको सिकाइप्रति पद्धतिगत उत्तरदायित्व**

यसमा बालबालिकाको सिकाइप्रति स्रोत व्यक्ति, शिक्षक तथा अभिभावक सबै समान रूपले जवाफदेही हुने पद्धतिलाई अवलम्बन गरिन्छ । यसमा विद्यार्थी सिकाइप्रतिको जवाफदेहिता समावेश हुन्छ । सबै बालबालिकाले सिक्न सक्छन् भन्ने मान्यताअनुसार विद्यालयमा भर्ना भए अनुरूप सिकाइमा जवाफदेहिता रहेको पाइँदैन । यस पढाइ कार्यक्रमले भने विद्यार्थीको सिकाइलाई व्यवस्थित तुल्याउने उपायको खोजी गर्दछ ।

**(ङ) शिक्षकको पेसागत विकासको निरन्तरता**

कक्षा शिक्षणमा शिक्षकको पेसागत विकास कार्यक्रमको निरन्तरता, पुनर्ताजगी तालिम, कार्यशाला, अन्तर्क्रिया तथा नमुना पाठ प्रदर्शन, नियमित बैठक, छलफल लगायतका कार्यको व्यवस्था गर्नुपर्दछ ।


(च) **दोहोऱ्याउन र अभ्यास गर्न पर्याप्त समय**

सिकाइ प्रभावकारिताका लागि मूलतः विद्यार्थीलाई दोहोऱ्याउन र अभ्यास गर्न पर्याप्त समय दिनु प्रभावकारी हुन्छ । सिक्न कठिन भएका सिकारुलाई नवीन पद्धति खोजेर सिक्न अभिप्रेरित गर्नुपर्दछ । पढाइलाई बोझका रूपमा होइन थप सहयोग गरी नवीन क्रियाकलाप र उपायको खोजी गरिनु आवश्यक हुन्छ ।

(छ) **स्पष्ट लक्ष्यका आधारमा नियमित मूल्याङ्कन**

सिकाइको अवस्थालाई समयोचित पहिचान गरी पृष्ठपोषण प्रदान गर्न निरन्तर मूल्याङ्कनको आवश्यकता पर्दछ । यसमा पटके जाँच मात्र नभई दैनिक क्रियाकलाप, सहभागिता, दैनिक व्यक्तिगत व्यवहार, साथीसँगको व्यवहार आदिको समेत मूल्याङ्कन गर्दा सिकाइ प्रभावकारी बनाउन सहज बन्दै जान्छ । प्रभावकारी पठन सिपको विकासका लागि कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणालीको विकास भएको छ ।

'पढाइ र भाषा सम्बन्धी सिद्धान्त' राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि विशिष्ट सिद्धान्त हो । यस सिद्धान्तले स्वाभाविक र प्राकृतिक परिवेशगत सिकाइमा विशेष जोड दिन्छ । मूलतः पहिलो वा मातृभाषामा साक्षरता र पढाइको गति विकासमा शिक्षक, घर-परिवार र समुदायसम्मको भूमिकालाई यसले निर्देश गरेको छ । उल्लिखित आधारमा टेकेर यस अध्ययनमा निम्न सैद्धान्तिक ढाँचालाई तय गरी विश्लेषण गरिएको छ :




यहाँ आधारभूत तहको पठन सिप विकासका लागि नेपाल सरकारले तयार पारेका सामग्री र त्यसको प्रभावकारितालाई अध्ययनको आधारवस्तु बनाइएको छ । यस अध्ययनमा उल्लिखित ढाँचामा रहेर नेपालमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सान्दर्भिकतालाई केलाइएको छ ।

## ५. अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका बारेमा मूलतः शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र,

युएसएआइडी लगायतले प्रकाशन गरेका कार्यक्रम दस्तावेज, विधि तथा प्रक्रियाका आधार सामग्री, तालिम स्रोत सामग्री आदिलाई अध्ययनको मूल आधार बनाइएको छ। बाँके जिल्लास्थित जनता मा.वि. का पाँचजना शिक्षकसँगको प्रतिक्रियालाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ । विशेषतः नेपाल सरकारका प्रकाशित आधिकारिक सामग्रीमा प्रस्तुत विवरण तथा तथ्यको समीक्षात्मक विश्लेषण गरी यो अध्ययनलाई पूरा गरिएको छ ।

## ६. प्राप्ति र छलफल

यस अध्ययनबाट रा.प्रा.क.प.कार्यक्रमले तय गरेका नीतिगत आधारहरूमा पर्याप्त निर्देशित व्यवस्था रहेको देखिएको छ। यसले मूलतः भौतिक, शैक्षिक तथा सामाजिक विकाससँगै आधारभूत तहमा पठन सिपको सक्षमता र साक्षरता विकासमा विशेष टेवा पुऱ्याउने देखिन्छ। शैक्षिक विकासमा पनि विशेष आवश्यकता भएका विद्यार्थीका लागि समेत गहन रूपमा सोच्नु, मातृभाषालाई संविधानतः ग्राह्यता दिनु, समतामूलक-सहभागितामूलक र समावेशी शिक्षाको जगलाई समेत ध्यान दिइनु लगायतका विविध सन्दर्भ यस कार्यक्रमका सकारात्मक पक्ष हुन् । यसका साथै पढाइ सिप विकासको जगमा टेकेर संज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक प्रक्रियामा व्यवस्थित र व्यावहारिक शिक्षाको नीति निर्माण गर्नु बढी सान्दर्भिक देखिन्छ ।

नेपालका शैक्षिक नीति जति सक्षम छन् त्यति व्यवहृत नहुनुले यस अघिका धेरै शिक्षाका योजनाले लक्ष्यलाई टेक्न सकेनन्। पढाइको जग विकास गर्दै त्यो क्षतिलाई व्यवस्थित रूपमा समाधान गर्नु आवश्यक देखिन्छ । अध्यापन गर्ने शिक्षक, यसको कार्यान्वयनका लागि सकारात्मक परिवेश निर्माण, प्रभावकारी अनुगमन र मूल्याङ्कन, सुझाव र सुधारको चक्रीय पद्धतिजस्ता व्यावहारिक पक्षमा यो कार्यक्रमले बढी ध्यान पुऱ्याउनुपर्छ। विद्यालय तहमा र स्थानीय तहमा 'मातृभाषालाई माध्यम बनाउने कि मातृभाषालाई विषयवस्तु बनाउने' भन्ने बारेमा अन्योलपूर्ण अवस्था अद्यापि देखिन्छ। वास्तवमा संविधानतः मातृभाषामा शिक्षा पाउने भनिएको कुराले यी दुवै पक्षलाई नकारेको देखिँदैन। यी लगायतका विषयमा देशव्यापी प्रचार-प्रसार, सूचना तथा सञ्चार माध्यममा जनचेतनामूलक कार्य सञ्चालन, कार्यक्रम गर्नुअघि अभिमुखीकरण तालिम, शिक्षकलाई अनिवार्य तालिम दिइनुपर्ने लगायतका सन्दर्भलाई यस कार्यक्रमले कार्यान्वयनकै तहमा लागू गर्नु अत्यन्तै आवश्यक छ । हाल कक्षा १-३ मा प्रयोग गरिएको पाठ्यक्रममा रा.प्रा.क.प. कार्यक्रमकै अवधारणा अन्तर्गतका अक्षर ज्ञान, ध्वनि पहिचान, पठन प्रवाह, शब्द भण्डार, पठनबोध र लेखाइ सिपलाई राखिएको भए पनि सबै जिल्लाका सबै सामुदायिक विद्यालयमा यसबारेमा आधारभूत जानकारी नभएका गुनासा छन्। कोरोना महामारीका कारण यो योजना कार्यान्वयनमा समस्या भए पनि प्रभावकारी सूचनाको प्रवाह गर्ने गरी अभ्यासको खाँचो अवश्य छ । यी विषय लगायत युएसएआइडीले गरेको प्राविधिक तथा आर्थिक सहयोग नहुँदा पनि आत्मनिर्भर बन्ने र शिक्षकलाई आकर्षक थप सुविधा दिनुपर्ने विषयमा पनि नेपाल सरकार निकै नै गम्भीर हुनुपर्छ ।

बुझेर पढ्ने र पढेर बुझ्ने मान्यतामा शिक्षालाई बलियो बनाउन सिकाइलाई व्यवस्थित तुल्याउनु आवश्यक हुन्छ । गरिबीलाई हटाउन शिक्षामा सुधार गर्नुपर्ने कुरालाई हाम्रो जस्तो विकासोन्मुख

मुलुकले गम्भीर रूपमा लिनुपर्छ । आधारभूत तहको पढाइ सिप विकाससँगै शैक्षिक गुणस्तरमा समतामूलक भावको विकास गर्नु आवश्यक छ । संविधानतः मातृभाषा शिक्षाको अवधारणालाई मूर्तता दिन अब सरकारले वास्तवमा निजी वा संस्थागत र सामुदायिक विद्यालयको दुई खाले पद्धतिलाई अन्त्य गर्ने प्रावधानलाई अपनाउनुपर्छ । धनी र गरिबले पढ्ने/पढाउने विभेदकारी परिवेशलाई बदल्ने र सामुदायिक शिक्षामा नवीन सुधार गर्ने बारेमा नसोचेसम्म हाम्रो मुलुकमा दुई खाले वर्गीय विभेद कायम रहिरहन्छ । सामुदायिक विद्यालयमा विपन्नका छोराछोरीले पढ्छन् । उनीहरूले पढाइको वातावरण नै नपाउने मूल कारण अभिभावकको राम्रो सहयोग नपाउनु पनि एक हो । अर्कोतिर तल्लो तहमा कमजोर भएपछि उदार कक्षोन्नतिको प्रावधान अनुरूप कक्षा चढे पनि स्तर अनुकूल सक्षम नहुनु ठूलो समस्या हो । यस कार्यको प्रभावकारितालाई हेर्दा तल्लो तहमा नै पढाइमा सक्षम भए माथिल्लो कक्षाको पढाइ पनि राम्रो हुन्छ । परिणामतः बिचैमा विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउनुपर्ने एउटा प्रमुख कारणमध्ये बालबालिकाले पढाइको जगलाई बलियो बनाउन नसक्नु पनि हो ।

नेपालमा विद्यालयको पहुँचबाहिर रहेका विद्यार्थीलाई तिनका समस्या र आधारभूत आवश्यकतालाई समेत ध्यान दिई विद्यालयसम्म ल्याउन विद्यालयले विशेष भूमिका खेल्नुपर्ने देखिन्छ । नीतिगत र व्यावहारिक तहबाटै सामुदायिक विद्यालयलाई सुधार नगरेसम्म रा.प्रा.क.प.कार्यक्रमको अवधारणाले मात्रै खास नतिजा दिन सक्छ भन्न सकिन्न । यसका लागि अभिभावकलाई नै पहिला त पढाइका लागि जागरुक बनाइनुपर्छ । अतः ग्रामीण स्तरमा अभिभावक र नानीबाबुलाई सँगै रमाएर पढ्ने खालका परियोजना र प्रेरणाप्रद कार्यक्रमको तर्जुमा गर्दै साङ्गठनिक सुधारको खाँचोलाई निर्क्योल गर्न सकिन्छ । गरिबी निवारणका कार्यक्रम र आधारभूत शिक्षाको विकासलाई विद्यार्थीका पक्षबाट मात्रै नभएर अभिभावकको आयस्तरको तहबाटै योजनाबद्ध तुल्याइनु हाम्रो जस्तो विकासोन्मुख मुलुकको अबको आवश्यकता हो ।

## ७. आधारभूत तहमा पठन सिप

बालबालिकाहरू सिक्न चाहन्छन् । औपचारिक सिकाइका लागि आदनात्मक (ग्रहण वा श्रुति र पठन) र प्रदानात्मक (अभिव्यक्ति वा वाक् र लेखन) सिपको आवश्यकता पर्दछ । भाषा सिकाइका लागि मात्रै नभएर अन्य विषयवस्तुको सिकाइमा पनि भाषा शिक्षणको आधारभूत सिद्धान्तभित्र पर्ने एककालिकताको उपादेयता उत्तिकै रहन्छ । औपचारिक सिकाइको जग पढाइ सिप हो भने सिकाइ स्तर अभिवृद्धिका लागि आधारभूत तह महत्त्वपूर्ण जग हो । यसर्थ सिकाइको जग बलियो भयो भने मात्रै माथिल्ला तहको सिकाइलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सकिन्छ । नेपालले सिकाइको गुणस्तरलाई अभिवृद्धि गर्ने उद्देश्यले प्राथमिक शिक्षा परियोजना, शिक्षक शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना लगायतका विभिन्न शैक्षिक परियोजना र कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । प्रारम्भिक बालशिक्षाका सक्षमताहरूमा सर्वाङ्गीण विकासका कार्यकलाप, सिर्जनात्मक सोचको विकास लगायत भाषिक तथा सञ्चार सिपको विकासका पक्षलाई जोड दिइएको छ । यसका लागि पठन संस्कृतिको विकासार्थ आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमताहरूलाई व्यावहारिक रूप दिनु आवश्यक हुन्छ :

- आधारभूत भाषिक तथा सञ्चार सिपको विकास तथा प्रयोग
- आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
- अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
- विज्ञान, वातावरण, सूचना प्रविधि सम्बन्धी आधारभूत ज्ञानको विकास
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिपको विकास
- कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
- आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति सम्मान र सम्भावनाको विकास ।

उल्लिखित आधारलाई अपनाउँदै विद्यार्थीमा आफ्ना कला, संस्कृति, भाषा विकासको जग बसाल्न पनि मातृभाषा शिक्षाको व्यवस्थित कार्यान्वयन आवश्यक हुन्छ । पठनबोध र पठन प्रवाह विकासका लागि भाषिक विविधता अर्थात् बहुभाषिकताको सम्बोधन गर्न मातृभाषाको शिक्षाले सहयोग पुऱ्याएको हुन्छ । शैक्षिक गुणस्तर र सिकाइको ढाँचाभित्र समाजलाई छोड्ने हो भने त्यो पद्धति अधुरो हुन्छ । हरेक विद्यार्थी परिवार र समाजबाट आउने हुँदा विद्यार्थीको शैक्षिक विकासमा प्रत्यक्ष रूपमा समाजको संलग्नता रहनु आवश्यक हुन्छ । यसर्थ सिकाइका लागि उत्कृष्ट र आवश्यकतामुखी वातावरण प्रदान गर्न प्रारम्भिक तहकै कक्षाको पढाइलाई प्रभावकारी बनाउँदै लैजानुपर्ने मूल चुनौतीलाई समाजसापेक्षित तुल्याइनुपर्छ । यी विषयमा मूलतः विद्यालय क्षेत्र सुधार कार्यक्रम विस्तारित योजना (२०१४/१५-२०१५/१६) ले सन् २०१५ पछिको शैक्षिक विकासका लागि चरणबद्ध छलफल गऱ्यो । उक्त छलफलले विकासशील राष्ट्रको साक्षरता र प्रारम्भिक कक्षाको सिकाइ गुणस्तर न्यून रहेको कुरालाई दृष्टिगत गर्दै सामुदायिक विद्यालयको सक्षमता र गुणस्तर सुधार गर्ने उद्देश्यले 'प्रारम्भिक कक्षा पढाइ कार्यक्रम' लाई प्राथमिकताका साथ अघि सारेको छ (रा.प्रा.क.प.कार्यक्रम दस्तावेज, २०७० : १) । नेपाल सरकारद्वारा आर्थिक वर्ष २०७१/०७२ देखि सुरु भएको यो पाँच वर्षे कार्यक्रमको मुख्य लक्ष्य 'विद्यार्थीको सिकाइमा केन्द्रित रही शिक्षाको गुणस्तर सुधार गर्नु' भन्ने रहेको छ । यसको उद्देश्यमा 'कक्षा १ देखि ३ सम्मका सबै विद्यार्थीको पढाइ सिपको सुधार गर्नु' भन्ने रहेको छ (रा.प्रा.क.प.का., कार्यान्वयन मार्गदर्शन, २०७४ : २) । मूलतः विद्यालय क्षेत्र सुधार कार्यक्रमले आधारभूत तहबाटै पठन सिप विकास गर्नुपर्ने विषयलाई प्राथमिकतामा राखेको छ ।

यस कार्यक्रमको पहिलो चरणमा सप्तरी, भक्तपुर, मनाङ, कास्की, बाँके र कञ्चनपुर गरी ६ ओटा जिल्लासहित १६ जिल्लामा लागू गर्ने, दोस्रो चरणमा २४ जिल्लामा र तेस्रो चरणमा बाँकी सबै जिल्लामा कार्यान्यन गर्ने योजना तर्जुमा गरिएको हो । यो अध्ययन गरिरहेको समयसम्ममा ३८ जिल्लामा यो कार्यक्रम सञ्चालन भएको भए पनि एकीकृत पाठ्यक्रम ढाँचालाई २०७७ सालबाटै लागू गरिएकाले देशैभर यस कार्यक्रमको उपादेयतालाई बोध गराउनुपर्ने आवश्यकता झनै बढेको छ ।

तल्लो तहबाटै पठन संस्कृति विकास गर्ने सन्दर्भमा २०७३ सालमा प्रकाशित विद्यालय क्षेत्र विकास

योजना (२०७३/०७४-२०७९/०८०) ले प्रा.क.प.मूल्याङ्कन (EGRA) र नासाका नतिजाहरूको विश्लेषण गरी पाठ्यक्रम, शिक्षण विधि तथा शिक्षकको पेसागत विकासका कार्यक्रमलाई सुधार गर्न सुझाएको छ। प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अङ्गका रूपमा पठनबोधमा विशेष जोड दिइने तथा अङ्ग्रेजीलाई कक्षा १ देखि विषयका रूपमा शिक्षण गरिने प्रावधानलाई यस योजनाले अघि सारेको छ। यद्यपि यस कार्यक्रमले मातृभाषामा शिक्षा दिनुपर्ने कुरालाई पढाइ सम्बन्धी सिद्धान्तभित्र विशेष रूपमा उठाएको हुँदा यो एउटा शैक्षणिक विकासमा गुणस्तर अभिवृद्धि गर्ने एउटा प्रभावकारी माध्यम बन्न सक्ने देखिन्छ। प्राथमिक तहको पाठ्यक्रम २०६३, सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५), विद्यालय सुधार योजना (सन् २००९-२०१५), नेपालको संविधान २०७२ लगायतमा उठाइएका मातृभाषा शिक्षाका प्रावधानलाई समेटेर विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७९/०८०) ले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइसँग सम्बन्धित हुने गरी सामीप्य सम्बन्ध स्थापित गरेको छ।

- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्राविधिक कार्य समूहले सन् २०१३ मा काठमाडौं, काभ्रेपलान्चोक र चितवन जिल्लाका केही विद्यार्थीहरूको पढाइ क्षमताको परीक्षण गरेको थियो। उक्त परीक्षणको सङ्क्षिप्त परिणाम देहायअनुसार रहेको छ :

कक्षा २ र ३ को मौखिक पठनगति र पठन बोध नतिजा :

| पढाइ सिप | कक्षा २ | | कक्षा ३ | |
|---|---|---|---|---|
| | औसत प्रतिशत | शून्याङ्क प्रतिशत | औसत प्रतिशत | शून्याङ्क प्रतिशत |
| अक्षर ध्वनि पढाइ ज्ञान (सही अक्षर प्रतिमिनेट) | २८.६ | ८ | ३९.९ | ४ |
| मात्रा पढाइ (सही मात्रा प्रतिमिनेट ) | १५.८ | ३१ | २७.९ | १६ |
| निरर्थक शब्द पढाइ (सही शब्द प्रतिमिनेट) | ६.६ | ३४ | ११.७ | १९ |
| मौखिक पठन गति (**सही शब्द पाठको प्रतिमिनेट**) | १४.२ | ३७ | २७.२ | १९ |

**कक्षा २ र ३ को पठन प्रवाह परीक्षण नतिजा**

| परीक्षण गरिएका सिप | कक्षा २ को सुरुमा | कक्षा ३ को सुरुमा |
|---|---|---|
| दिइएका ६० अक्षरमध्ये प्रतिमिनेट शुद्धसँग पढेका अक्षरको सङ्ख्या | ३४.६ | ४९.४ |
| दिइएका ६० मध्ये प्रतिमिनेट शुद्धसँग पढेका शब्दको सङ्ख्या | १८.८ | ३५.१ |
| दिइएका ५० परिचित शब्दमध्ये प्रतिमिनेट शुद्धसँग पढेका शब्द सङ्ख्या | १३.३ | २०.२ |
| दिइएका ६० शब्दमध्ये मौखिक पढाइको गति प्रति मिनेट | १२.७ | २३.३ |

*स्रोत : पठन सिप विकास तालिम स्रोत सामग्री प्रारम्भिक कक्षा १-३, २०७४*

माथिको नतिजालाई विश्लेषण गर्दा प्रारम्भिक तहमा नै कमजोर भएका विद्यार्थीहरूले माथिल्ला कक्षामा उदार कक्षोन्नतिको अवधारणा अनुरूप शैक्षिक गुणस्तरमा प्रभाव पार्ने देखिन्छ। युनेस्कोले सन् २०१२ मा प्रकाशन गरेको विश्वव्यापी अनुगमन प्रतिवेदन (ग्लोबल मोनिटरिङ रिपोर्ट) का अनुसार विश्वका निम्न आय भएका देशहरूका बालबालिकाहरूमा पढाइ सिप विकास गर्न सकिएमा १७१ मिलियन अर्थात् १७ करोड १० लाख मानिसहरूले गरिबीबाट मुक्ति पाउने कुरा उल्लेख छ। यसले विश्वको सम्पूर्ण गरिबी (१ अर्ब ४२ करोड ५० लाख मानिसहरू) को १२ प्रतिशत प्रतिनिधित्व

गर्दछ । उक्त प्रतिवेदनका अनुसार विश्वका करिब २५ करोड प्राथमिक विद्यालय उमेरका बालबालिका राम्ररी वाक्य पढ्न सक्दैनन्, जसमध्ये २० करोड एसिया प्रशान्त क्षेत्रमा नै रहेको कुरा उल्लेख छ (रा.प्रा.क.प.का., तालिम स्रोत सामग्री, २०७५ : ३) ।

अर्कोतिर, बहुभाषिक मुलुकमा भाषागत सङ्ख्या र पठन सिप विकासको कुरालाई आपसमा गाँसेर लैजानु अझ बढी सान्दर्भिक हुन्छ । एसिया महादेशमा २,१६५, अफ्रिकामा २०११, प्रशान्त क्षेत्रमा १,३०२, अमेरिकामा १,००० र युरोपमा २२४ भाषाहरू समुदायमा बोलिन्छन् (रिमाल, २०७१ : २२०) । रा.प्रा.क.प.कार्यक्रम एक परिचय : २०७२ मा आरटिआई-२००९ को प्रतिवेदनले आधारभूत सिप वा क्षमताको अभावमा पुस्तानुपुस्ता चलिरहेको गरिबीको दुष्चक्रबाट उम्कन नसक्ने कुरालाई प्रस्तुत गरेको देखिन्छ । यस आधारलाई हेर्दा हाम्रो देशमा मातृभाषा शिक्षा र पठन सिपको उपादेयता बढी छ । अपरिचित भाषामा सिक्ने र सिकाउने कार्य आफैँमा जटिल कुरा पनि हो । उक्त अध्ययनले साक्षरतासम्बन्धी ज्ञान राम्रो भएका बालबालिकाहरू तिनका दौँतरीमाझ पढाइसम्बन्धी कुरामा अग्र स्थानमा हुन्छन् भन्ने कुरालाई पनि प्रस्ट्याएको छ। रुम टु रिडको सन् २००९ मा गरेको अध्ययनअनुसार कक्षा २ का ४३ प्रतिशत विद्यार्थीले मात्रै सबै अक्षरहरू शुद्धसँग पढ्छन् । नेपालका केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सन् २००९ र २०११ का बिचमा लिइएको सीमित तथ्याङ्कको परीक्षणका अनुसार नेपाली भाषा पढाइका सिपमा अत्यन्त कमजोर रहेको देखाएका छन् । यी परीक्षणले कक्षा ५ का २०-५० विद्यालयका ३०० देखि ५०० विद्यार्थीलाई समेटेका थिए । सेभ द चिल्ड्रेनको सन् २०११ को तथ्याङ्कअनुसार कक्षा २ का ८० प्रतिशत विद्यार्थीले एक शब्द पनि पढ्न सकेनन् । विद्यार्थीको मौखिक पढाइको गति प्रतिमिनेट मात्र ५ शब्द मात्रै थियो (रा.प्रा.क.प.का., एक परिचय : २०७२ : ६) । यिनै तथ्यका आधारमा प्रारम्भिक कक्षा पढाइ सिप विकासका लागि नेपाल सरकारले योजनामा मात्रै होइन कार्यान्वयन तहको व्यावहारिकताप्रति बढी चासो राख्नुपर्ने देखिन्छ ।

विद्यार्थीमा संज्ञानात्मक क्षमता एवम् स्वाध्ययनको विकास गराउन पढाइ सिप आधारभूत पक्ष हो । गहिरिएर पढ्ने, पढेका कुरालाई बोध गर्ने, बुझेका कुरालाई मौखिक र लिखित अभिव्यक्तिमार्फत अरू समक्ष पुऱ्याउन पढाइ सिपको समुचित विकास हुनुपर्दछ । पढाइ सिप बोध र अभिव्यक्तिको आधार हो । प्रभावकारी सिकाइलाई बालकको पढाइले सकारात्मक प्रभाव पारेको हुन्छ। पढाइ सिप भाषा विषयक सिप मात्र नभएर गणित, विज्ञान, सामाजिक जस्ता अन्य विषयका लागि पनि आधारभूत सिप हो (प्रारम्भिक कक्षामा पठन सिप विकास, शिक्षक स्रोत सामग्री, २०७३ : १०) । सन्दर्भपरक भाषाको प्रयोग, सृजनात्मक क्षमता विकास, विषयवस्तुको संयोजित प्रस्तुति कौशलजस्ता गुणात्मक विकासमा प्रारम्भिक तहमा पढाइ सिप अपरिहार्य हुन्छ । अतः तल्लो तहबाटै रुचिकर पढाइको वातावरण प्रदान गर्दै गइएमा कक्षा दोहोऱ्याउने, कक्षा छाड्नेजस्ता शैक्षिक क्षति गराउने समस्यालाई न्यूनीकरण गर्न सकिन्छ ।

## ८. आधारभूत तहमा मातृभाषामा शिक्षा र पठन सिपको सान्दर्भिकता

प्रारम्भिक तहमा पठन सिप विकासका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले मातृभाषामा शिक्षा दिनुपर्ने कुरालाई पढाइ सम्बन्धी सिद्धान्तमा उल्लेख गरेको छ । बच्चालाई अपरिचित भाषा

सिक्न दबाब दिइनु पनि सजाय नै हो । नयाँ भाषा सिक्नुपर्दा अन्य सिकाइ अवसरबाट वञ्चित रहनुपर्ने स्थिति पैदा हुन्छ । बालकले औपचारिक अध्ययनका क्रममा नबुझ्नेका वा नजानेका मातृभाषाइतर भाषामा सिकाइ अवधारणालाई विकास गर्न अप्ठ्यारो हुन्छ । कलिलो मस्तिष्कले दुर्बोध्य भाषामा अध्ययन गर्दा उसमा पढाइप्रतिको जाँगर नहुने हुन्छ । फलतः विद्यालय छोड्ने दरमा वृद्धि हुने डर रहिरहन्छ । युनेस्को (सन् २००८) को प्रतिवेदनमा उल्लेख भएअनुसार मातृभाषामा सिकाइको अवसर पाएका बालबालिकाहरूको आत्मबल बलियो भएको, काम गर्ने प्रेरणा जागेको पाइन्छ । यसबाट कक्षालाई प्रभावकारी रूपमा सम्बोधन गर्न, समयको सदुपयोग गर्न सहज हुनुका साथै शैक्षिक उपलब्धि र ज्ञानात्मक क्षेत्रको विकासमा समेत राम्रो भएको कुरा उल्लेख छ (रिमाल, २०७१ : ४) । भाषिक सामर्थ्यका कारण सहज रूपमा आर्जन गर्न सकिने भाषा मातृभाषा हो । मातृभाषाबाट बालकको जीवन व्यवहारको सुरुवाती सभ्यताको सिकाइ प्रारम्भ हुन्छ (पौडेल र भट्टराई, २०७७ : १०९) । नेपालमा अहिले प्रयोग भइरहेको कक्षा १ देखि नै विषय र पाठ्यपुस्तकमा आधारित विधि प्रारम्भिक कक्षामा 'असल अभ्यास' को धारणासँग नमिल्ने भइसकेको छ । यसका लागि स्थानीय पाठ्यक्रमको विकास गर्न पाउने प्रावधानले स्थानीयपन र संस्कृतिसँग सम्बन्धित परिवेश र मातृभाषाको सिकाइ र प्रयोग दुवैका लागि मार्ग प्रशस्त गर्दछ (सील, यादव र कँडेल, २०७३ : ५४) । यस मानेमा नेपालको बहुभाषिक परिवेशमा भाषिक विविधता सम्बोधन गर्ने र भाषिक न्यायको परिवेशलाई ख्याल गर्ने विषयमा आधारभूत तहमा मातृभाषामा सिकाइको उपादेयता रहेको छ ।

बालकले जसरी प्राकृतिक रूपमा मातृभाषालाई सिक्छ त्यसै गरी आधारभूत तहको सिकाइलाई प्राकृतिक र सुबोध्य बनाउन मातृभाषाकै उपयोग गर्नुपर्छ । भाषाको पूर्वज्ञानले विद्यालयीय सिकाइसँग सामीप्यता गाँस्ने नीतिलाई मातृभाषा शिक्षाले सम्बोधन गर्न सक्छ । मातृभाषाको बढी अभ्यासले स्वाभाविक रूपमा सम्बन्धित विषयको बढी ज्ञान तथा सो भाषाको सिप र सांस्कृतिक विषयको जानकारी आर्जन हुन्छ । मातृभाषामा तयार गरिएका अध्ययन सामग्री सजिलै उपलब्ध हुन्छन् । यो अवसरले भाषाको प्रचार तथा विस्तारमा मद्दत पुगेको हुन्छ (रिमाल, २०७१ : २२२) । यसका लागि एउटा भाषामा सिकेका साक्षरतालाई अर्को भाषामा स्थानान्तरण गर्न सकिने भएकाले कम्तीमा ५ वर्षदेखि ८ वर्षसम्मको प्रारम्भिक शिक्षा मातृभाषाका माध्यमबाट दिइनु पर्दछ । पूर्व प्राथमिक तथा बालशिक्षाले मौखिक भाषाको विकासमा सहयोग पुऱ्याएको हुन्छ (रा.प्रा.क.प. कार्यक्रम : एक परिचय, २०७४) । हाम्रो जस्तो बहुभाषिक मुलुकले मातृभाषामा अध्यापन गर्ने क्रममा कक्षामा उपस्थित विद्यार्थीको विविधतालाई हेरेर सकारात्मक सम्बोधन गर्नु आवश्यक रहन्छ ।

नेपालको बहुभाषिक परिवेशका कारण पृथक् ज्ञान, जीवन दर्शन तथा रहनसहनलाई जान्न, बुझ्न पनि यहाँका नागरिकलाई अवसर र आवश्यकता दुवै छ । यस विषयमा उचित व्यवस्थापन, प्रोत्साहन, प्रयोगगत क्षेत्रको अभाव रहेको पाइन्छ । सबैजसो नेपालीहरू बहुभाषिक बन्नमा जति रुचि राख्छन् त्यति भाषा सिकाइको नीतिगत र कानुनी पहल भएको पाइँदैन (भट्टराई, सन् २०१९ : ६०) । यस विषयमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि सामाजिक तथा सामुदायिक परिचालन तालिम निर्देशिका (डिसेम्बर २०१६) ले समावेश गरेका पढाइ शिविर, घुम्ती पढाइ कुना, बाल क्लब पढाइ समूहहरू तथा पढाइ प्रतियोगिता आदि सन्दर्भहरू बढी व्यावहारिक हुन सक्छन् । पठन संस्कृति विकास

गर्नका लागि बहुभाषी समुदायलाई नै पढाइ सिप विकासप्रति जागरुक तुल्याउने पद्धतिले मातृभाषामा सिकाइको अभ्यास गराउन सहज हुन्छ । यस विषयलाई संवैधानिक आधारबाट धारा ३१ को शिक्षा सम्बन्धी हकमा उल्लेख भएबमोजिम नियाल्नु बढी सान्दर्भिक हुन्छ :

उपधारा १ - प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

उपधारा २ - आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

उपधारा ५- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनेछ ।

मातृभाषा शिक्षण र पठन सिप विकासका लागि मातृभाषा पहिचान र प्रभावकारी योजना तर्जुमा गर्नुपर्ने कुरालाई राज्यले ध्यान दिनुपर्छ । नेपालले स्थानीय सरकारलाई विद्यालय शिक्षाको अधिकार प्रदान गरिरहँदा प्राविधिक तथा तथ्यपरक ज्ञानमा व्यावहारिक स्पष्टता चाहिन्छ । बहुभाषिक गरिमा र मातृभाषाको अन्तर्यलाई मनन गर्दा नेपालमा वि.सं. २०६८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कमा पेस भएका १२३ ओटा भाषामध्ये सबै भाषालाई मातृभाषाको स्थानमा राख्न सकिँदैन । यसमध्ये २५ ओटा भाषा नेपाली नागरिकले मातृभाषाका रूपमा प्रयोग नगर्ने भाषा रहेकाले बाँकी ९८ ओटा भाषा र २०७६ मा भाषा आयोगको अध्ययनबाट थप हुन आएका ६ ओटा गरी जम्मा १०४ भाषालाई मात्रै मातृभाषा र राष्ट्रभाषाका रूपमा मान्न सकिन्छ (पौडेल र भट्टराई, २०७७ : २७०) । नेपालमा प्रयोगमा रहेका १०४ भाषालाई मातृभाषाका रूपमा प्रभावकारी शिक्षण गर्नका लागि प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले तोकेको ६ ओटा तत्त्व र त्यसको व्यावहारिक प्रयोजनतर्फ देशको योजना स्पष्ट हुनुपर्छ । भाषा सिकाइका क्रममा प्रशासनिक, शैक्षिक तथा व्यावहारिक अप्ठ्यारा हुने हुँदा केन्द्रमा भनिए जस्तो स्थानीय क्षेत्रमा सहज वातावरण हुँदैन । यसका लागि समन्वय र सहकार्यात्मक सुझको विकास गराउनु सरोकारवालाको दायित्व हो (भट्टराई, २०१९ : ६०) । वस्तुतः कक्षाकोठाको व्यवस्थापन, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वैकल्पिक अध्ययनको थप सुविधा प्रदान, पाठ्यक्रमको प्रभावकारिता, शिक्षण विधिको नवीनता, शिक्षण सामग्री तथा सन्दर्भ सामग्रीको पर्याप्तता, शिक्षकलाई निरन्तर तालिम तथा भ्रमण, प्रभावकारी मूल्याङ्कन लगायतका विविध पक्षले उल्लिखित पठन सिप विकास तथा मातृभाषाको सिकाइलाई ठोस निष्कर्षमा पुऱ्याउन सक्छ ।

भाषा शिक्षण विषयवस्तुको शिक्षण होइन । यो सिपहरूको शिक्षण हो । फर्डिन्यान्ड डि सस्युरको संरचनात्मक भाषा विज्ञानको मान्यता तथा भाषावैज्ञानिक नोम चम्स्कीको भाषिक सामर्थ्य र सम्पादनको मान्यतालाई मातृभाषासँग जोडेर विश्लेषण गर्दा बालकले मातृभाषाका आधारमा बुझेको कुराबाट भाषिक संरचनालाई मस्तिष्कमा सङ्केत निर्माण गर्न तथा सीमित भाषिकज्ञानद्वारा असीमित वाक्यको सिर्जना गर्न सक्छ । यसर्थ मातृभाषामा बालकले अक्षर चिन्न र सो अनुरूप बुझेर व्यक्त गर्न सहज हुने कुरा स्वीकार्य हुन्छ । अक्षर फुटाएर पढ्नका लागि अक्षर चिन्ने र त्यसको

उच्चारणमा शुद्धताको आवश्यकता पर्दछ । आकार, इकारादि आधार अक्षरको उच्चारण लगायतका सन्दर्भका साथै भाव बुझेर पढ्नका लागि विद्यार्थीले वाक्य संरचनालाई बोध गर्नुपर्छ । 'मातृभाषा शिक्षा' को न्यायको कुरा गर्दा युनेस्को तथा अन्तर्राष्ट्रिय कानुनले पनि मातृभाषा शिक्षालाई मौलिक हकभित्र सुरक्षित गर्नुपर्ने कुरामा जोड दिएको छ (पौडेल र भट्टराई, २०७७ : ११०) । उक्त सन्दर्भलाई युग सापेक्षित सम्बोधन गर्न आधारभूत तहबाटै मातृभाषाको जग बलियो बनाइनु वैज्ञानिक र व्यावहारिक रहन्छ ।

## ९. आधारभूत तहमा पठन सिपगत नीति र व्यवहार

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको दस्तावेज २०७० नै नेपालको पठन सिप विकासको मूल आधार सामग्री हो । पढाइ सिप विकासका लागि यस कार्यक्रमलाई मूलतः रुम टु रिड, वर्ल्ड भिजन इन्टरनेसनल, विश्व शिक्षा, सेभ द चिल्ड्रेन, प्लान इन्टरनेसनलजस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पनि सो अघिदेखि नै अभ्यास गर्दै आएको पाइन्छ । सरकारी तवरबाट औपचारिक रूपमा नेपालमा सञ्चालित राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई अमेरिकी सहयोग नियोग (युएस्एआइडि) ले प्राविधिक तथा आर्थिक सहयोग गर्दै आएको छ (रा.प्रा.क.प.का.का लागि सामाजिक तथा सामुदायिक परिचालन रणनीति, २०१७ : iii) । यसै गरी पढाइ सिपको विकासका लागि प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन मार्गदर्शन (२०७४) ले व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि निम्नबमोजिमको न्यूनतम प्रावधानलाई प्रस्तुत गरेको छ :

(अ) पठन सिपमा आधारित सामग्रीको विकास तथा प्रयोग

(आ) शिक्षक तालिम तर्जुमा तथा तालिम सञ्चालन

(इ) सामाजिक तथा सामुदायिक परिचालन

(ई) विद्यार्थीमा पठन सिप परीक्षण

(उ) अनुगमन तथा मूल्याङ्कन

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको दस्तावेज २०७० पश्चात् यो कार्यक्रमसँग सम्बन्धित शिक्षक तालिम सम्बन्धी सामग्रीलाई शिक्षा विभाग तथा शिक्षा मन्त्रालयले निर्देश गर्दै गएको देखिन्छ । युएसएआइडीको फाइनल पर्फमेन्स रिपोर्ट (२०१६/२०१७) मा कार्यक्रमको सारांशलाई उल्लेख गरेअनुसार निम्न तीन कुरामा यसले जोड दिएको छ :

(क) प्रारम्भिक कक्षा पढाइलाई विकसित तुल्याइ राख्न प्रभावकारी शैक्षणिक सामग्रीको सहज उपलब्धतामा ध्यान दिइनुपर्छ । शिक्षकलाई तालिम तथा नेतृत्वसिपमा जोड दिइनुपर्छ ।

(ख) शैक्षणिक क्षेत्रको विकास गर्न प्रारम्भिक तहको पढाइका लागि प्रभावकारी नीति निर्माण, प्रारम्भिक कक्षाको पढाइका लागि मापदण्ड तयार पार्ने, योजना तथा आर्थिक लगानीको व्यवस्थापन गर्ने तथा जनशक्ति व्यवस्थापन गर्ने विषयमा विश्लेषणात्मक संयोजन गरिनुपर्छ ।

(ग) परिवार र समाजको सहयोगको वातावरणलाई बढाएर सरकारी स्तरबाटै सामुदायिक स्तरमा सार्वजनिक पुस्तकालयको विकास गर्ने, विद्यालयको पढाइका अतिरिक्त कार्यकलाप व्यवस्थापन गर्ने तथा पढाइ क्लबहरूको निर्माण गर्ने कुरामा जोड दिइनुपर्छ ।

हाम्रो जस्तो विकासोन्मुख तथा भौगोलिक हिसाबमा सुगम र दुर्गमको ठूलो फासला भएको मुलुकलाई गरिबीले शैक्षिक गुणस्तर विकासमा प्रत्यक्ष पारेको देखिन्छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणनाले नेपालमा ६५.९ प्रतिशत साक्षर रहेको देखाइरहँदा काठमाडौँमा ८६.३ प्रतिशत र हुम्लामा ४७.८ प्रतिशत साक्षरताको अन्तरलाई पेस गरेको छ । यसर्थ सबै क्षेत्रलाई एकै प्रकृतिको योजनाले काम नगर्ने सम्भाव्यता बढी हुन्छ ।

राज्यका विभिन्न निकायको भूमिका र जिम्मेवारीसँग अभिभावकको उत्तरदायित्व विकास गराउने यस कार्यक्रमको सामाजिक संरचनात्मक सम्बन्ध बढी वैज्ञानिक छ । अर्कोतिर शैक्षिक व्यवस्थापनमा शिक्षण विधि, सामग्री, शिक्षक तालिम लगायतका सन्दर्भलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने कुरामा हाम्रो मुलुकले हाम्रै समाजको अवस्था अनुकूल व्यवस्थापन गर्नु आवश्यक देखिन्छ । यी विषयमा समावेशी समाजको बहुभाषिक परिवेशलाई समेटेर विभिन्न भाषामा पाठ्यपुस्तकहरू तयार पार्दै गएको पाइन्छ । आधारभूत तहको पठन सिप विकासले तुलनात्मक रूपमा सुगम र दुर्गम क्षेत्रमा शिक्षाको गुणस्तरलाई भौगोलिक दूरता, गरिबी, गरिबीले रोकेको शिक्षाको अवसर र चेतना विकासजस्ता पक्षमा छुट्टै व्यवस्था र भातृ योजना तर्जुमा गर्नु बढी सान्दर्भिक हुने देखिन्छ । यसका लागि सरकारले ल्याएको खाद्य कार्यक्रम मात्रै होइन अभिभावकका लागि रोजगारमूलक योजना र व्यावसायिक विकासको सम्बन्धलाई एकसाथ गाँसेर लैजानुचाहिँ बढी पृष्ठपोषणमुखी हुने देखिन्छ ।

## १०. शैक्षिक वातावरण व्यवस्थापन

यस पढाइ कार्यक्रमको समग्र शैक्षिक व्यवस्थापनले सिकाइ उपलब्धि र शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रत्यक्ष सम्बन्ध राख्छ । कार्यक्रम कार्यान्वयनका लागि माथिल्ला निकायदेखि तलसम्मको श्रेणीबद्ध जिम्मेवारीलाई वहन नगरेसम्म यो कार्यक्रम पनि यस अघिका योजना जसरी लक्ष्यमा पुग्न नसक्ने सम्भाव्यता रहन्छ । शिक्षण पेसागत सहयोग सम्बन्धी कार्यविधि, २०७४ मा उल्लेख भएअनुसार उपलब्ध जनशक्ति, साधन स्रोत र कार्यान्वयनको प्रभावकारिताका लागि कक्षाकोठामै सहजीकरण गर्ने गरी शिक्षा मन्त्रालयले शिक्षकको पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७४ लाई जारी गरेको छ । शैक्षिक सत्र २०७५ देखि विद्यालय तहको अनुगमन, निरीक्षण र सहजीकरणलाई सुदृढ र प्रभावकारी बनाउने उद्देश्यलाई यसमा सुझाइएको छ । यसको कार्यान्वयनले प्रा.क.प.का.मा स्थानीय तहमा नियमित अनुगमन, निरीक्षण गर्ने कार्यमा स्थानीय सरकारका शिक्षा एकाइ प्रमुख, स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा प्रारम्भिक तहका इन्चार्ज एवम् सम्बन्धित शिक्षकलाई थप सबल र जिम्मेवार बनाउने अपेक्षा गरिएको छ ।

विशेष गरेर विद्यालय क्षेत्र विकास कार्यक्रमले तय गरेका मापदण्डका आधारमा यो कार्यक्रम सञ्चालित छ । यद्यपि आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७५ ले निर्दिष्ट गरेको प्रावधान अनुरूप २०७७ बाट एकीकृत ढाँचाको पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउने निर्णय गरेको छ । ४

वर्ष उमेर समूहका प्रारम्भिक बालशिक्षामाथि ५ देखि ७ वर्षसम्मको उमेर समूहका विद्यार्थीहरूलाई आधारभूत शिक्षा (कक्षा १-३) मानिएको छ । यो आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचनालाई निम्नानुसार ६ ओटा क्षेत्रमा विभाजन गरिएको छ :

| क्र. सं. | विषय सम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृ भाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |


(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

*स्रोत : आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७५*

रा.प्रा.क.प.कार्यक्रम तालिम स्रोत सामग्री (२०७५ : ७) मा कक्षा एक, दुई र तीनका लागि पठनतत्त्वगत सिकाइ उपलब्धि निर्धारण गरिएको र सोहीबमोजिम हरेक दिनको कक्षामा पठनतत्त्व समावेश हुने गरी ९० मिनेटको क्रियाकलाप विकास गरिएको कुरा समावेश छ । यसका साथै ९० मिनेटको समय व्यवस्थापन र यसको कार्यान्वयनका लागि स्थानीय परिवेशअनुसार पठन समय मिलान विद्यालय तहमै गर्ने कुरालाई पनि सुझाइएको छ । यसै क्रममा बाँके जिल्लाको जनता माध्यमिक विद्यालयमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मापदण्डका आधारमा तालिम लिई अध्यापन गरिरहेका पाँचजना शिक्षकहरूबाट प्रतिक्रिया लिँदा भने ९० मिनेटको समय बढी भएको भनी पाँचैजनाको समान धारणा प्राप्त भयो । अर्कोतिर भुसाल (सन् २०२० : २९) का अनुसार शिक्षकहरूले नेपाली विषय शिक्षण गर्नका लागि विद्यमान पाठ्यक्रममा व्यवस्था भएअनुसार साप्ताहिक ८ पाठ्यभार र ४५ मिनेटको पिरियड अपुग भएको अभिमत राखे । यसको प्रभावकारी कार्यान्वयनका लागि साप्ताहिक पाठ्यभार १२ तय गर्नुपर्ने र प्रति पिरियड ९० मिनेटको समय व्यवस्था गर्नुपर्ने विचार व्यक्त गरेको पाइयो भनिएको छ । यद्यपि, यस कार्यक्रमले पठन सिपका लागि ६ ओटै तत्त्वको संयोजन गर्ने गरी अभ्यास गराउन र हरेक कक्षालाई उद्देश्यमुखी भएर समापन गर्नका लागि ९० मिनेटको समय तर्जुमा गरेको छ । यदि ६ ओटा तत्त्वको अभ्यास गराउँदा सबैमा १०-१० मिनेटको ६० मिनेट समय र विद्यार्थीसँगको अतिरिक्त मनोरञ्जनसहित मूल्याङ्कनलाई जोड्ने हो भने ९० मिनेटको समयावधि वैज्ञानिक र प्रभावकारी हुने देखिन्छ । अत: ९० मिनेट समयलाई नै अपनाउने वा ६० मिनेटमा एउटा कक्षा पूरा गर्ने विषयलाई समेटेर शिक्षक तालिममा स्पष्ट मार्गदर्शन र अभ्यास गराउनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले मूलत: कक्षाकोठाकै पढाइको तौरतरिकालाई सुधार गर्ने अपेक्षा राखेको छ । यो सिकाइमा केन्द्रित कार्यक्रम भएकाले शिक्षण कार्यकलापकै सन्दर्भमा आइपरेका समस्याहरूलाई कक्षाकोठामै समाधानमा सहजीकरण गर्न आवश्यक तालिम प्रदान गरी स्रोतव्यक्तिको

सहयोगका साथै उत्प्रेरकको भूमिकामा यसले जोड दिएको हुन्छ । पढाइ सिद्धान्तमा रहेर अधिक सिकाइको उपायलाई यस कार्यक्रमले सुझाएको कुरा निकै प्रभावकारी देखिन्छ :




*स्रोत : राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम तालिम स्रोत सामग्री, २०७५*

उल्लिखित अवधारणालाई हेर्दा बालमनोविज्ञानमा आधारित विद्यार्थीकेन्द्री अर्थात् विद्यार्थीमैत्री शिक्षण कार्यकलापलाई अपनाउन यस कार्यक्रमले निर्देश गरेको छ । यस क्रममा सरलबाट जटिल, ज्ञातबाट अज्ञाततिर, मूर्तबाट अमूर्ततिर लैजाने साधारण सिद्धान्तलाई व्यावहारिक रूप प्रदान गर्नु पनि उचित देखिन्छ । यस आधारमा अन्य सबै विषयको अध्यापन गर्न 'म गर्छु, तिमी हेर', 'म गर्छु, तिमी सहयोग गर', 'तिमी र म सँगै गरौँ', 'तिमी गर, म सहयोग गर्छु', 'तिमी गर, म हेर्छु' भन्ने विधिलाई

अपनाउनु सान्दर्भिक हुन्छ (प्रारम्भिक कक्षा पठन सिप विकास तालिम स्रोत सामग्री कक्षा १-३, २०७४ : ८८) । विद्यार्थीको मनोविज्ञान तथा रुचिलाई नियालेर मोबाइल, कम्प्युटर, इन्टरनेट, प्रोजेक्टरजस्ता सूचना प्रविधि तथा सञ्चारका स्रोतको उपयोग गर्दै सिकाइलाई रुचिकर बनाउन सकिन्छ । प्रभावकारी सिकाइका लागि आवश्यक शिक्षक तालिम, सन्दर्भ सामग्री (शिक्षक निर्देशिका, अभ्यास पुस्तिका, वर्ण पत्ती, बाह्रखरी चार्ट, शब्दचित्र पत्ती, बालगीतको सचित्र चार्ट आदि) को व्यवस्थापनमा ध्यान दिइरहनुपर्ने देखिन्छ । तालिम स्रोत (२०७५ : ४६) को तालिकामा देखाइएअनुसार हालसम्म कक्षा १, २ र ३ कै लागि ६६-६६ ओटा सन्दर्भ सामग्री विद्यालय पठाइएको छ । वर्तमान अवस्थामा नेपाली भाषासँगै सम्बन्धित सामग्री बढी भएको हुँदा मातृभाषा शिक्षण गर्दा मूलतः श्रुतिभाषिक पद्धतिमा केन्द्रित रही साञ्चारिक पद्धतिको उपयोग गरिनुपर्ने देखिन्छ । यस पद्धतिमा सन्दर्भयुक्त प्रदर्शन गर्ने, दृश्य सामग्रीको उपयोग गर्नेजस्ता कार्यलाई अवलम्बन गरिन्छ ।

भाषा सिकाइमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका अतिरिक्त नेपाली विषयमा आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रमले शब्दभण्डार र कार्यमूलक व्याकरणलाई समेटेको छ । प्रा.क.प.कार्यक्रमले तय गरेको सामाजिक सहसम्बन्ध र अभिभावकको दायित्वबोध गराउने प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने हो भने कोरोना महामारीले निम्त्याएको बन्दाबन्दीका अप्ठ्यारा समयमा पनि घरमै बसेर पढ्ने वातावरणका तय हुने एउटा सम्भाव्यता विकास हुन सक्छ । सामग्रीको पर्याप्त उपलब्धता र अभिभावकको जागरुकताले यस कार्यमा सकारात्मक भूमिका निर्वाह गर्न सक्छ । यसका लागि गृह शिक्षा वा घरमै बसेर गरिने सिकाइ, रेडियो पाठशाला, टेलिभिजन शिक्षण र विद्युतीय प्रणाली उपयोग गरिने कक्षाको अवधारणालाई वैकल्पिक विधि मानिएको छ । मूलतः प्रारम्भिक तहको पढाइको व्यवस्थापनका लागि सन्दर्भ र आवश्यकता अनुरूप निम्न विधि तथा योजनालाई तय गरिएको छ :







*स्रोत : राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम तालिम स्रोत सामग्री, २०७५*

मूलतः पढाइलाई जोड दिइने गरी तयार पारिएको पाठ्यक्रम अनुकूल अतिरिक्त सामग्रीको खोजी गर्ने, बालमैत्री कक्षाको व्यवस्थापन गर्ने, समय अनुकूल सिकाइ प्रविधिमा अद्यावधिक हुने, आफ्नो नकारात्मक संवेगलाई नियन्त्रण गर्ने, बालमनोविज्ञानको पाटोमा सजग हुने लगायतका विषयले समेत यो कार्यक्रमको

कार्यान्यवनमा खास प्रभाव पार्छ । बालबच्चा चञ्चल हुन्छन् । कक्षामा चकचक गरिरहन्छन् । साथी-साथीबिचमा कसैले कसैलाई दबाइरहेका हुन्छन् । पछाडिबाट चिमोटिरहेका हुन्छन् । यसर्थ शिक्षकको सक्रियता र बालमैत्री वातावरणमा बालबालिकालाई पढाइप्रति सजग बनाएर सहभागी गराउने विषय सिद्धान्तभन्दा धेरै फरक हुन्छ । सिकाइको जागरुकता, चाहना, परिवेश आदि पक्षलाई लम्बीय रूपमा समयको कालखण्ड र क्षितीजीय रूपमा स्थान अर्थात् परिवेशगत रूपमा फरक-फरक प्रभाव पारिरहेको हुन्छ । यी सबै समस्याको हल खोज्न यो कार्यक्रमले व्यावहारिक परिवर्तनतर्फ सचेत भएर भूमिका निर्वाह गर्नुपर्छ । कक्षा २, ३ सम्मतिर पुग्दा समय हेरेर एक मिनेटमा कसले कति शुद्ध पढ्ने र धेरै पनि पढ्ने भन्ने अभ्यास गराउन सकिन्छ । प्रभावकारी सिकाइका लागि प्रारम्भिक तहका बालबालिकालाई शिक्षकले प्रदर्शन गर्ने विधि तथा कक्षाकोठा व्यवस्थापन लगायतका कार्यले सबैभन्दा बढी प्रभाव पार्ने सारलाई केलाउन सकिन्छ ।

## ११. निष्कर्ष

विद्यार्थीलाई पढाउने भन्दा पनि पढ्ने कसरी बनाउने भन्ने विषय बढी महत्त्वपूर्ण हो । वास्तवमा सिकाइको गुणस्तर अभिवृद्धि गर्न प्रारम्भिक कक्षा (१-३) मा सूचना तथा सञ्चारको प्रयोग अपरिहार्य बन्छ । तल्लो कक्षामा पठन सिप कमजोर भएपछि माथिल्लो कक्षामा पुगेर ज्ञान हासिल गर्न अक्षम हुने वास्तविकतालाई प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा उल्लेख्य भूमिका निर्वाह गर्नु आवश्यक देखिन्छ । यद्यपि यसबाट प्राप्त हुने नतिजालाई माथिल्ला कक्षामा पुगेपछि मात्रै लेखाजोखा र विश्लेषण गर्न सकिन्छ । तल्ला कक्षामा सबल भएको विद्यार्थी उमेरगत स्वभावको परिवर्तन र उसले पाएको वातावरणका कारण सधैँ सक्षम र एकैनास रहिरन्छ भन्नेचाहिँ नहुन पनि सक्छ । तल्लो कक्षाको पठन सिप र माथिल्ला कक्षाको विषयवस्तुगत ज्ञान तथा सिपमा पनि यस कार्यले निरन्तरता पाउने गरी प्रभावकारी योजना तर्जुमा गर्दै लैजानु आवश्यक देखिन्छ ।

कक्षाकोठामा भौतिक तथा मनोवैज्ञानिक व्यवस्थापन गर्दै शिक्षण कार्यको सहजीकरणका लागि पढाइको प्रशस्त अवसर प्रदान गर्ने गरेमा मात्र सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइ सक्षमता तथा उपलब्धिलाई परीक्षण गर्न सकिन्छ । भाषा शिक्षणमा बालबालिकालाई प्रभावकारी सिकाइको अभ्यास गराउँदा अन्य विषयमा पनि गहन पढाइको विकास हुन्छ । भाषाको सिकाइविना अन्य विषयको अध्ययनको आधार तथा बुझेर पढ्ने बानीको विकास गर्न जटिल हुन्छ । केही विद्यार्थीको व्यक्तिगत रुचि तथा क्षमताले तिनको सिकाइमा सकारात्मक प्रभाव पार्ने बाहेकका सन्दर्भमा सिकाइको प्रभावकारिता अहिलेको खोजपूर्ण विषय पनि हो ।

पठन सिप विकास र यसको प्रभावकारिताका लागि विद्यालयमा गरिने व्यवहार, शिक्षकहरूले गर्ने समान प्रकृतिको माया र सद्भाव, साथीसाथीबिचको सम्बन्ध र व्यवहार लगायतका सहायक क्रियाकलापले निकै ठूलो भूमिका खेलेको पाइन्छ । विद्यार्थीको पढाइलाई विकास गर्ने योजनाभित्र विद्यालयमा सिकाउनुपर्ने अनुशासन, सरसफाइप्रतिको ध्यान, समान व्यवहार लगायतका पक्षमा शिक्षक बढी जिम्मेवार हुने हुँदा मूलतः यस तहका लागि महिला शिक्षिका नै हुनुपर्ने प्रावधान तोकिनु बढी प्रभावकारी देखिन्छ । सामुदायिक विद्यालयको बालकोटामा श्रमको शोषण गरिरहिएको गुनासोलाई नियमसम्मत सम्बोधन गर्नु पनि उत्तिकै आवश्यक छ ।

संस्थागत विद्यालयको मन्टेश्वरी पद्धतिको पढाइ र त्यहाँका शिक्षकलाई दिइने तलब सुविधा लगायतका धेरै पक्षलाई सामुदायिक विद्यालयले अझै पनि अवलम्बन गर्न सकेको छैन । यसर्थ विद्यालयको भौतिक, शैक्षिक तथा प्रशासनिक सबै व्यवस्थापनमा विद्यालयका शिक्षक, प्रशासक तथा स्थानीय सरोकारवालाको भूमिका सबैभन्दा बढी रहन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अवधारणा अनुरूप स्थानीय सरकारले यस कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन र कार्यान्वयको अनुगमन, प्रतिवेदन निर्माण र प्रस्तुतिकरण तथा सुधारको चक्रीय पद्धतिभित्र नवीनता प्रदर्शन गर्ने अवसर पाएको छ । अतः यो कार्यक्रमको महत्त्व, विशेषता र प्रभावकारी प्रयोगको सान्दर्भिकतालाई शैक्षिक गुणस्तर अभिवृद्धि आधारको रूपमा मूल्याङ्कन गर्नुपर्छ ।

## सन्दर्भ सामग्री सूची


पाठ्यक्रम विकास केन्द्र (२०७५), *आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७५*, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), कोभिड १९ *महामारीमा सिकाइ सहजीकरणका लागि पाठ्यवस्तु समायोजन ढाँचा, २०७७ आधारभूत तह* (कक्षा १, २ र ३), भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), नेपाली दोस्रो भाषी विद्यार्थीलाई सहयोगका लागि शिक्षण स्रोत सामग्री, *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम* (मस्यौदा), भक्तपुर ।

पौडेल, राजेन्द्रप्रसाद र रमेश भट्टराई (२०७७), *नेपालको भाषानीति र योजना आधार*, काठमाडौँ : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

फाइनल पर्फमेन्स रिपोट (सन् २०१६/२०१७), सोसल एन्ड बिहेबियर चेन्ज कम्युनिकेसन क्याम्पेन, *पब्लिक रिलेसन्स एन्ड एड्भोकेसी क्याम्पेन*, युएसएआइडी ।

भट्टराई, रमेश (सन् २०१९), दोस्रो भाषा सिकाइमा मातृभाषाको उपयोग, *द जर्नल अफ डीएमसी*, गोरखा : द्रव्यशाह बहुमुखी क्याम्पस ।

भुसाल, केशव (सन् २०२०), राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमप्रति शिक्षकहरूको प्रतिक्रिया, *एएमसी जर्नल*, धादिङ : अनुसन्धान व्यवस्थापन इकाइ, आदर्श बहुमुखी क्याम्पस ।

युएसएआइडी तथा शिक्षा मन्त्रालय (सन् २०१६), *प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सम्बन्धी सामाजिक तथा सामुदायिक परिचालन तालिम निर्देशिका*, काठमाडौँ ।

युएसएआइडी तथा शिक्षा मन्त्रालय (सन् २०१७), राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि सामाजिक तथा सामुदायिक परिचालन रणनीति*, काठमाडौँ ।

रिमाल, डिल्लीराम (२०७१), *सामुदायिक विद्यालयका प्राथमिक तहमा भाषिक विविधताको सम्बोधन*, विद्यावारिधि शोधप्रबन्ध, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

शिक्षा मन्त्रालय (२०७०), राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (२०१४/१५-२०१९/२०), *कार्यक्रम दस्तावेज*, काठमाडौँ ।

शिक्षा मन्त्रालय (२०७३), *विद्यालय क्षेत्र विकास योजना* (वि.सं. २०७३/०७४-२०७९/०८०), काठमाडौँ ।

शिक्षा विभाग (२०७२), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम : एक परिचय*, भक्तपुर ।

शिक्षा विभाग (२०७४), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम : एक परिचय*, भक्तपुर ।

शिक्षा विभाग (२०७४), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वियन मार्गदर्शन*, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७३), *प्रारम्भिक कक्षामा पठन सिप विकास शिक्षक स्रोत सामग्री*, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७४), *प्रारम्भिक कक्षा पठन सिप विकास तालिम स्रोत सामग्री कक्षा १-३*, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७४), *पठन सिप विकास तालिम स्रोत सामग्री प्रारम्भिक कक्षा १-३*, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७५), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम तालिम स्रोत सामग्री २०७५*, भक्तपुर ।

सील, अमान्डा, योगेन्द्रप्रसाद यादव र सदानन्द कँडेल (२०७३), *शिक्षणको माध्यम र शिक्षाका भाषाहरू* (नेपालमा शिक्षाका नीति, योजना र अभ्यासका लागि अबको बाटो), ट्रान्सेन्ड भिजन नेपाल : युएसएआइडी ।